# पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा समाविष्ट कथाको विश्लेषणात्मक अध्ययन

सीता ढुंगाना
त्रि.वि. दर्ता नं. : ९-२-१०-१११-२००६
परीक्षा क्रमाङ्कः २१४०२५९
क्याम्पस रोल नं.: १२७
शैक्षिक वर्ष २०६६/०६७ सन् २०१०

अनुसन्धान प्रतिवेदन प्रस्तुत वि.स. २०७०/२०१३

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली

भाषा शिक्षा विभाग स्नात्तकोत्तर तह (एम.एड.)

द्वितीय वर्षको नेपा.शि.(५९८) को

प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

नेपाली शिक्षा विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ

## शोधनिर्देशकको सिफारिस

**पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ को नेपाली** (२०७०) **पाठ्यपुस्तकमा समाविष्ट कथाको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधकार्य **श्री सीता ढुंगाना**ले मेरा निर्देशनमा सम्पन्न गर्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोध कार्यबाट म सन्तुष्ट रहेको छु । यसको मूल्याङ्कनका लागि विभाग समक्ष यो शोध प्रतिवेदन प्रस्तुत गर्दछु ।

मिति: २०७०/०९/०८

...............................................

**शोधनिर्देशक**

**उपप्रा. दीपकप्रसाद न्यौपाने**

# कृतज्ञताज्ञापन

**पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ को नेपाली (२०७०)पाठ्यपुस्तकमा समाविष्ट कथाको विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधपत्र तयार पार्ने क्रममा सर्वप्रथम आवश्यक सुझाव दिइ सल्लाह र प्रेरणाका साथै सुयोग्य एवम् उचित निर्देशन गर्नु हुने आदरणीय मेरा शोध निर्देशक दीपकप्रसाद न्यौपाने ज्यू प्रतिहार्दिक आभार प्रकट गर्दछु । यस शोध कार्यलाई पूर्णता दिने क्रममा शोधपत्रको प्रस्तावलाई स्वीकृत  गरी शोधकार्य गर्ने सुनौलो अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरू अमृतप्रसाद आचार्य ज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसैगरी यस शोध कार्य सफल पार्नमा सहयोगी भूमिका खेल्नु हुने तथा उचित सल्लाह र सुझाव दिने गुरूहरू तथा शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग सुकुना बहुमुखी क्याम्पसका सम्पूर्ण आदरणीय गुरूहरूप्रति कृतज्ञ छु । यस शोध कार्यका लागि सधैं सल्लाह, सहयोग, प्रेरणा दिनुहुने श्रद्धेय पिता तारानाथ ढुंगाना तथा ममतामयी माता खिलेश्वरा ढुंगानाप्रति सदा ऋणी छु । त्यस्तै यस अध्ययनका क्रममा लेखन कार्य तथा सन्दर्भ सामग्रीहरूमा सहयोग गरीदिनु हुने मेरा दिदीभिनाजु कल्पना तथा विनोद भट्टराई, शान्ता तथा भोला तिम्सिनाप्रति हृदय देखि नै धन्यवाद दिन चाहन्छु । यस कार्य सम्पन्न गर्नका लागि सहयोग गर्नुहुने मेरा सहपाठी मित्रहरू कृष्ण खनाल, दुर्गा चौलागाईं सरू रिजाल लगायत यस शोधकार्य सम्पन्न गर्नका लागि छनोट गरिएका विद्यालयहरूमा सहयोग गर्नुहुने विषय शिक्षकहरूलाई धन्यवाद अर्पण गर्न चाहन्छु ।

अन्त्यमा यस शोधकार्यलाई शुद्धसँग कम्प्युटर टङ्कनगरिदिने बिराट कम्युनिकेशन स्क्रिन प्रिन्ट कम्प्युटर सेन्टर इन्द्रपुर ४ का प्रोप्राइटर श्री एकराज बुढाथोकीलाई धेरै धन्यवाद भन्दै प्रस्तुतशोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली भाषा शिक्षा विभाग समक्ष पेश गरेकी छु ।

मिति:  २०७०/०९/०६

**सीता ढुंगाना**

**नेपाली शिक्षा विभाग**

**शिक्षाशास्त्र सङ्काय**

**सुकुना बहुमुखी क्याम्पस**

# शोधसार


प्रस्तुत शोधकार्य एम. एड. दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । उक्त शोधकार्य कक्षा ६ को नेपाली (२०७०) मा समाविष्ट कथाहरूको पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण र उक्त कथामा रहेका अभ्यासहरू तथा तिनीहरूको मूल्याङ्कन प्रक्रियाको समेत विश्लेषण गरिएको छ र यी विभिन्न कोणहरूबाट गरिएका विश्लेषणहरूको निष्कर्ष समेत निकालिएको छ ।

प्रस्तुत शोध कार्य पाँच अध्ययमा पूरा गरिएको छ । यस शोध कार्यमा समस्याका रुपमा उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाहरुको पाठ्यक्रमको अनुरुपता कस्तो छ, कस्ता उद्देश्य परिपूर्ति हुन सक्छन्, छनोट, स्तरण, अभ्यास, मूल्याङ्कन प्रक्रिया कस्तो छ तथा कमी कमजोरी के छन् भन्ने विषयलाई लिइएको छ । त्यसैगरी यस शोधकार्यमा उक्त पाठ्यपुस्तकमा रहेका कथाहरुको छनोट, स्तरण, अभ्यास, मूल्याङ्कन प्रक्रिया, पाठ्यक्रम अनुकूलता, स्तरया अनुकूलतालाई नै उद्देश्यका रुपमा लिइएको छ ।

( प्रस्तुत शोध कार्यकोव्यख्या विश्लेषणगर्न पुस्तकालयीय विधि, पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्बन्ध हेर्न तुलनात्मक विधि अपनाइएको छ । यसका साथसाथै यस शोधकार्यमा विभिन्न विद्यालयमा गई सम्बन्धित विषय शिक्षकहरूसँगको अभिमतहरूको जानकारीका लागि विभिन्न प्रश्नावली निर्माण गरी व्याख्या विश्लेषण सहित अनुसन्धानात्मक ढाँचामा प्रस्तुत गरिएको तथा सर्वेक्षण विधिको पनि प्रयोग गरी प्रस्तुत गरिएको छ ।

यस कक्षा ६ को नेपाली पाठ्यपुस्तक (२०७०) मा समाविष्ट कथाहरूमा पाठ्यक्रम अनुरूपका नै कथाहरू छनोट गरिएको भए तापनि स्तरणको कार्यमा भने अझै सुधारात्मक पक्षको आवश्यकता नै देदिन्छ । उक्त पाठ्यपुस्तकमा समाविष्ट ६ ओटा कथाहरूमा एकै विषय क्षेत्रका धेरै कथाहरू राखिनु भन्दा पनि सबै विषय क्षेत्रलाई समेटिनु राम्रो मानिन्छ । यस पाठ्यपुस्तकमा रहेका कथाहरूमा पौराणिक कथाहरू बढी मात्रामा समावेश भएको पाइन्छ । पाठ्यक्रमले निर्दिष्ट गरे अनुसार विशुद्ध ऐतिहासिक कथा भने देखिएको पाईंदैन । कतै ऐतिहासिक कतै पौराणिक जस्तो देखिने कथा लोककथाका रूपमा राखिएको पाइन्छ । एउटै कथामा सम्पूर्ण घटनाको समावेश गरिनु भन्दा छुट्टाछुट्टै

रूपमा प्रस्तुत गरेको खण्डमा उपयुक्त हुने देखिन्छ । कथाहरूको छनोट गर्दा सबै क्षेत्र जस्तैः सामाजिक, नैतिक, राजनैतिक, पौराणिक, ऐतिहासिक, आधुनिक आदि विषयवस्तुलाई छुट्टै रूपामा प्रस्तुत गरिनु राम्रो देखिन्छ । उक्त पाठ्यपुस्तकमा समाविष्ट कथामा प्रयुक्त अभ्यासहरूलाई हेर्दा नमुना अभ्यासहरूमा प्रयोगात्मकतालाई अझ बढी प्रश्रय दिइएको खण्डमा उपयुक्त हुने देखिन्छ । त्यसैगरी, सिर्जनात्मक अभ्यासमा पनि अझ बढी जोड दिनु पर्ने देखिन्छ ।

# विषय-सूची

**विषय शीर्षक** **पृष्ठ सं.**

## अध्याय एकः परिचय

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्या कथन १
१.३ अध्ययनको औचित्य ३
१.४ अध्ययनको उद्देश्य ४
१.५ अध्ययनको महत्त्व ४
१.६ अध्ययनको सीमा ५

## अध्याय दुईः पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणाको स्वरूप

२.१ पूर्वकार्यको समीक्षा ६
२.२ पूर्वकार्य अध्ययनको तात्पर्य ८
२.३ सैद्धान्तिक अवधारणा ९
२.३.१ पाठ्यक्रमको परिचय ९
२.३.२ भाषा पाठ्यक्रमको परिचय ९
२.३.३ पाठ्यक्रमका अङ्गहरू ११
२.३.४ भाषा पाठ्यक्रमका अङ्गहरू १३
२.३.५ भाषा पाठ्यपुस्तकको परिचय १४
२.४.१ भाषा पाठ्यवस्तुको छनोट र स्तरण १५
२.४.२ भाषा पाठ्यवस्तुको छनोट र यसका आधारहरू १५
२.४.३ पाठ्यवस्तु छनोटका आधारहरू १६
२.४.४ भाषा पाठ्यवस्तुको स्तरण र यसका आधारहरू १७
२.४.५ पाठ्यवस्तु स्तरणका आधारहरू १७
२.५.१ कक्षा ६ को नेपाली भाषा पाठ्यक्रमको परिचय १८
२.५.२ आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को परिचय १९
२.५.३ आधारभूत तहका नेपाली पाठ्यक्रमका उद्देश्यहरू २०
२.५.४ आधारभूत तह अन्तर्गत कक्षा ६ का कक्षागत सिकाइ उपलब्धिहरू २१
२.५.५ कक्षा ६ मा नेपाली कथा शिक्षणका प्रयोजन र उद्देश्य २२
२.६.१ कक्षा ६ मा नेपाली कथा शिक्षणका विधिहरू २४
२.६.२ कक्षा ६ को नेपाली पाठ्यपुस्तकको परिचय २४
२.६.३ कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट विधा तथा तिनीहरूको विवरण २५

## अध्याय तिनःअध्ययनको विधि तथा प्रक्रिया

३.१ अध्ययनको ढाँचा २८
३.२ अध्ययनको जनसङ्ख्या र नमुना अध्ययन २८
३.३ तथ्याङ्क सङ्कलनका सामग्रीहरू २८
३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया २९

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण २९

**अध्याय चारः पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ को नेपाली (२०७०) पाठ्यपुस्तकमा समाविष्ट कथाको विश्लेषण**

४.१ पठ्यक्रम अनुरूपताका आधारमा कथाको विश्लेषण ३०

४.२ सीपगत दृष्टिले कथाको विश्लेषण ३०

४.३ विषयवस्तुका आधारमा कथाको विश्लेषण ३५

४.४ पाठ्यक्रमको क्षेत्र र क्रमका दृष्टिले सम्बद्ध कथाहरूको विश्लेषण ३७

४.५ छनोट र स्तरणका आधारमा कथाको विश्लेषण ३९

४.५.१ उद्देश्य अनुरूपताका आधारमा कथाको विश्लेषण ४०

४.६ पाठ्यक्रम अनुरूपताका आधारमा मूल्याङ्कन प्रक्रिया ४२

४.७ नमुना अभ्यासको विश्लेषण ४३

४.७.१ अभ्यासगत विविधताको विश्लेषण ४३

४.७.२ सीपगत दृष्टिले अभ्यासको विश्लेषण ४४

४.७.३ सिर्जनात्मक अभ्यासको विश्लेषण ४५

**अध्याय पाँच**

**सारांश, निष्कर्ष र प्रयोग**

५.१ निष्कर्ष ४७

५.२ सारांश ४८

५.३ प्रयोग ५०

**सन्दर्भसूची**

**परिशिष्ट**